Hiralal Regmi *Pragnya Sarathi* *Vol.* 23, 2025, pp. 75-84

**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438




**Article information**

Received: 28 February 2025

Review: 1 March to 10 March 2025

Revision 13 March to 18 March 2025

Accept: 20 March 2025

Published: 10 April, 2025

DOI: https://doi.org/10.3126/ps.v23i1.77532

Available: https://www.nepjol.info/index.php/ps

# स्थानीय तह र ग्रामीण पर्यटन

हिरालाल रेग्मी
उपप्राध्यापक, अर्थशास्त्र विभाग, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ
Email: hira.regmi@dmc.tu.edu.np /regmihl@gmail.com
ORCID iD: https://orcid.org/0009-0009-1774-0834

**लेखसार**

नेपालका सन्दर्भमा पर्यटन उद्योग उज्ज्वल भविश्यको बलियो संभावना बोकेको क्षेत्र हो ।। पछिल्ला वर्षहरूमा सहरी पर्यटन, जलयात्रा एवम् पदयात्राका अलावा ग्रामीण पर्यटन पनि बिस्तारै मौलाउँदै गएको छ । ग्रामीण पर्यटनको अवधारणा, ग्रामीण पर्यटनले सामाजिक तथा आर्थिक विकासमा पुऱ्याउन सक्ने योगदान एवम् स्थानीय तहमा ग्रामीण पर्यटनको महत्त्व, संभावना र चुनौतीका बारेमा अध्ययन गर्ने उद्देश्यसहित यो लेख तयार गरिएको छ । ग्रामीण क्षेत्रमा आयआर्जनको दिगो र वैकल्पिक स्रोतका रूपमा ग्रामीण पर्यटन स्थापित हुन सक्ने देखिन्छ । ग्रामीण पर्यटनको व्यवस्थित विकास र विस्तार हुन सक्ने हो भने ग्रामीणवासी समुदायको जीवनस्तरमा पनि सुधार ल्याउन सकिने संभावना रहेको छ । ग्रामीण पर्यटन प्रवर्द्धनका लागि स्थानीय तहमा आवश्यक पूर्वाधार निर्माणको कमी, पर्यटकीय स्थलहरूको पहिचान र प्रचारप्रसारमा कमीजस्ता अनेकौं खालका समस्या तथा चुनौतीहरू पनि रहेका छन् । स्थानीय तहमा विद्यमान धार्मिक, पौराणिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक महत्त्व बोकेका सम्पदास्थलहरूको प्रचारप्रसार तथा संरक्षण हुन सकेमा यसले ग्रामीण पर्यटनलाई टेवा पुग्न सक्ने देखिन्छ । विभिन्न पुस्तक र प्रकाशित लेख रचनाहरुबाट सङ्कलित सूचना तथा स्रोत प्रयोग गरी पुस्तकालयीय अध्ययन विधिका आधारमा वर्णनात्मक, विश्लेषणात्मक एवम् विवरणात्मक शैलीबाट यो लेख तयार गरिएको छ । ग्रामीण क्षेत्रमा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पत्ति र सम्पदास्थलहरुको उपयोग गर्न सक्ने हो भने पर्यटन विकासको बलियो संभावना स्थानीय तहमा रहेको छ । नेपाली समाजका मौलिक संस्कृति तथा परम्परा ग्रामीण पर्यटनका बलिया आधार हुनसक्ने देखिन्छन् ।

*शब्दकुञ्जी* : ग्रामीण पर्यटन, दिगो विकास, सम्पदास्थल, स्थानीय तह

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BYNC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

**विषयप्रवेश**

यस अध्ययनमा मुख्यतः नेपालका स्थानीय तहमा ग्रामीण पर्यटन विकासका संभावना र चुनौतीहरुका बारेमा प्रकाश पारिएको छ । ग्रामीण पर्यटनका बारेमा जानकारी दिने एवम् यसका संभावना र चुनौतीहरु पहिल्याउँदै ग्रामीण पर्यटन विकासका लागि स्थानीय तहहरुबाट चालिनुपर्ने कदमहरुलाई यस अध्ययनमा प्रमुखरुपमा उठान गरिएको छ। ग्रामीण पर्यटन सम्बन्धमा प्रकाशित पुस्तक तथा लेखरचनालाई पूर्वसाहित्य अध्ययन तथा सैद्धान्तिक आधार बनाई प्राप्त तथ्य र स्रोतको विश्लेषण गरिएको छ । ग्रामीण पर्यटनका बारेमा व्यापक अध्ययन अनुसन्धान गरिएको भए तापनि यस अध्ययनले उठान गरेको विषयमा पूर्व साहित्यमा कम चर्चा गरिएको पाइएकाले यस अध्ययनले उक्त अभावलाई पुरा गर्ने अपेक्षा गरिएको छ। यस अध्ययनमा पुस्तकालयीय विधिलाई आधार बनाई गुणात्मक विधिको प्रयोग गरिएको छ ।

पर्यटन भनेको मनोरञ्जन, व्यापार वा अन्य उद्देश्यका लागि विभिन्न ठाउँहरूमा यात्रा गर्ने गतिविधि हो । यसले सामान्यतः सीमित अवधिका लागि आफ्नो स्थान वा वातावरणबाहिरका गन्तव्यस्थलहरु भ्रमण गर्ने मानिसहरू र यिनीहरुको व्यवस्थापनका लागि अवलम्बन गरिएको व्यवसायलाई बुझाउँछ। कुनै पनि स्थानमा स्थायी रुपमा बसोबास नगर्ने उद्देश्यले आएका विदेशीहरुको बसोबाससँगको सम्पूर्ण सम्बन्ध र घटनाक्रमसँग सम्बन्धित कुरालाई वालटर हुन्जीकर र कुर्ट क्रार्प (१९९२ सन्) ले पर्यटनका रुपमा व्याख्या गरेका छन् (पुरी, २०५६) । विभिन्न स्थलहरुको दृश्यावलोकन, भाषा एवम् सांस्कृतिक अन्वेषण, साहसिक गतिविधिहरू सञ्चालन, विश्राम, मनोरञ्जन लगायतका कार्यक्रमहरू पर्यटनसँग जोडिएका हुन्छन् र यी पक्षहरु पर्यटकका लागि चासोका विषयवस्तु पनि बनेका हुन्छन् । सन् १९१० मा अष्ट्रियन अर्थशास्त्री हरम्यान वन स्कुलाडले कुनै पनि निश्चित राष्ट्र, शहर वा क्षेत्रभित्र र बाहिर विदेशीहरुको बसोबास, आवतजावत र प्रवेश एवं आर्थिक प्रकृतिसँग प्रत्यक्ष सरोकार राख्ने सम्पूर्ण कार्यक्रम पर्यटन हो भनी (पुरी, २०५६) दिएको परिभाषा पर्यटनका सम्बन्धमा पहिलो परिभाषा मानिन्छ ।

पर्यटन विभिन्न प्रकारका हुने गर्दछन् । सत्याल (सन् २०००) ले सांस्कृतिक पर्यटन, मनोरञ्जन पर्यटन, खेलकुद पर्यटन, प्राविधिक पर्यटन, व्यावसायिक पर्यटन, सेमिनार पर्यटन, अन्वेषण पर्यटन एवम् ग्रामीण पर्यटन गरी विभिन्न प्रकारका पर्यटनका बारेमा चर्चा गरेका छन् । विश्वव्यापी रुपमा ग्रामीण पर्यटनको आरम्भ १९ औँ शताब्दीको अन्त्यतिरबाट भएको पाइन्छ । विशेष गरी युरोपियनहरु फुर्सदका समयमा आफ्नो देशको एक ठाउँबाट अर्को ठाउँमा कला, संस्कृति, भूगोल, पर्यावरणीय दृश्यको अवलोकन, हिमाल, धार्मिक स्थल आदिजस्ता विषयहरुको ज्ञान प्राप्त गर्नका लागि घुमफिर गर्ने क्रम बढेसँगसँगै ग्रामीण पर्यटन वा घरेलु पर्यटनमा विस्तार हुन पुगेको हो (पुरी, २०५६) । नेपालको सन्दर्भमा स्थानीय तहहरुमा ग्रामीण पर्यटनको महत्त्व र संभावना प्रशस्त रहेको देखिन्छ । नेपालमा विभिन्न ठाउँमा रहेका गाउँहरु ग्रामीण पर्यटनका लागि चर्चामा रहेको पाइन्छन् । खासगरी स्याङजाको सिरूबारी, कास्कीको धम्पुस र घान्द्रुक, तनहुँको बन्दीपुर, लमजुङको घलेगाउँ आदि स्थलहरू ग्रामीण पर्यटन सफलतापूर्वक सञ्चालन भएका क्षेत्रहरू मानिन्छन् (रेग्मी, २०६४) । नेपालमा सन् १९९२ देखि ग्रामीण पर्यटनको अवधारणा प्रतिपादन भएको थियो भने नवौं पञ्चवर्षीय योजना (२०५४-२०५९) मा प्रत्येक अञ्चलमा नमुना पर्यटकीय गाउँ बनाउने कार्यक्रम तय भएको थियो (पन्त, २०६८) । दशौं पञ्चवर्षीय योजना (२०५९-२०६४) ले पनि ग्रामीण पर्यटनलाई विशेष जोड दिएको थियो। ग्रामीण पर्यटनमार्फत गरिबी निवारणमा टेवा पुगोस् भन्ने उद्देश्यले तारा गाउँ विकास समितिको समेत स्थापना गरिएको पाइन्छ । विकसित देशहरूमा पनि ग्रामीण क्षेत्रमा बसोबास गर्ने न्यून आम्दानी भएका वर्गहरूका लागि आय आर्जनप्रति लक्षित गरेर ग्रामीण पर्यटनका कार्यक्रमहरू सञ्चालन गरिएका छन् । मलेसिया, थाइलैन्ड, भियतनाम, लावस र अफ्रिकी देशहरूमा पनि ग्रामीण समुदायमा आधारित पर्यटन विकासका अभ्यासहरू भएको पाइन्छ। भारतको सिक्किम र कालीमपोङमा समुदायमा आधारित रहेर भोटिया, लेप्चा र नेपाली समुदायमा ग्रामीण पर्यटनका विविध कार्यक्रमहरू सञ्चालित छन् (रेग्मी, २०६४) । यसप्रकार विभिन्न देशहरुमा ग्रामीण पर्यटन प्रवर्द्धनका लागि विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन हुँदै आएका देखिन्छन् ।

स्थानीय तहमा रहेका विविध सम्पदा स्थलहरू वर्तमान समयमा आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि आकर्षक गन्तव्य स्थलका रूपमा स्थापित हुँदै गएका भए तापनि विदेशी तथा स्वेदेशी पर्यटकहरूलाई लोभ्याउने पर्यटकीय बस्तुहरू पूर्णरूपमा उपयोगमा आउन सकिरहेका छैनन् । विभिन्न महत्त्व बोकेका सम्पदास्थलहरूको उचित संरक्षण हुन सकेको छैन। पर्यटकीय महत्त्व रहेका बस्तु तथा सम्पदास्थलहरूको वास्तविक अध्ययन अनुसन्धान गरी यसका माध्यमबाट आर्थिक विकासका कार्यहरूलाई अगाडि बढाउन नसकेसम्म स्थानीय तहहरूले आर्थिक विकासमा फड्को मार्न सक्ने र समृद्धिको तहमा पुग्न सक्ने अवस्था देखिदैन ।

नेपालको ग्रामीण क्षेत्र आफ्नै जीवनशैली, संस्कार र परम्परामा बाँचेको छ । जनगणना वर्ष २०६८ मा कुल

जनसङ्ख्याको करिब ८३ प्रतिशत मानिसहरू नेपालको ग्रामीण क्षेत्रमा बसोबास गरेको देखिएको र पछिल्लो जनगणना वर्ष २०७८ अनुसार करिब ३४ प्रतिशत नेपालीहरू ग्रामीण क्षेत्रमा बसोबास गर्दै आएको देखिन्छ (केतका, २०७९) । नेपालको सन्दर्भमा स्थानीय तहहरुमा ग्रामीण पर्यटनको बलियो संभावना रहेको छ । न्यून आयस्तर भएका ग्रामीण समुदायमा लक्षित गरी त्यहाँ विद्यमान संस्कृति, परम्परा, जैविक विविधता संरक्षण र सम्वर्द्धन गर्दै सञ्चालन गरिने पर्यटनलाई नै ग्रामीण पर्यटन भनिन्छ । सामान्यतः क्षेत्रीय असन्तुलन कम गरी ग्रामीण जीवनस्तरमा खुसी र समृद्धि ल्याउनु, ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना र आय आर्जनका स्रोत बढाउनु, स्थानीय क्षेत्रमा रहेका घरेलु तथा कुटीर उद्योगहरूको संरक्षण गर्नु, लघु उद्यम तथा उद्यमशीलताको विकास गर्नु, स्थानीय समुदायको कला, संस्कृति तथा परम्पराको जगेर्ना गर्नुजस्ता उद्देश्यहरू ग्रामीण पर्यटनसँग जोडिएका पाइन्छन् । यस किसिमका ग्रामीण पर्यटनका अभ्यास विश्वभरी सफल एवम् दिगोरूपमा सञ्चालित छन् ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेखका लागि आवश्यक पर्ने सामग्री सङ्कलन पुस्तकालय कार्यका माध्यमबाट गरिएको छ । अध्ययनको शीर्षक, सम्बद्ध सैद्धान्तिक र प्रायोगिक कार्यहरुलाई द्वितीयक स्रोतका सामग्रीका रुपमा प्रयोग गरिएको छ । पुस्तकालय अध्ययनबाट टिपोट गरी सङ्कलन गरिएका तथ्य तथा स्रोतहरुलाई यो अध्ययनमा प्रयोग गरिएको छ । मूलतः आवधिक योजना, आर्थिक सर्वेक्षण, प्रकाशित ग्रन्थ एवम् विभिन्न जर्नलमा प्रकाशित लेखरचना लगायतका सहायक स्रोतबाट सङ्कलन गरिएका सूचना र तथ्यको विश्लेषण गुणात्मक पद्धतिका आधारमा गरिएको छ । ग्रामीण पर्यटनका विविध पक्षका बारेमा पूर्व प्रकाशित लेख तथा रचनाबाट प्राप्त अवधारणा यो अध्ययनको सैद्धान्तिक आधार हो । यीनै मान्यता र विश्लेषण सामग्रीमा आधारित भएर अध्ययनको अवधारणा निर्धारण गरिएको छ ।

## सैद्धान्तिक आधार तथा पूर्व साहित्य समीक्षा

ग्रामीण क्षेत्रमा रहेका कला, संस्कृति, भाषा, भेषभूषा, जीवनशैली, आतिथ्यपन, पेसा र व्यवसायजस्ता कुरालाई पूँजीका रूपमा स्थापित गरी विदेशी तथा स्वदेशी पर्यटकलाई गाउँमा नै रमाउने र गाउँबासीलाई कमाउने अवसर प्रदान गर्ने व्यवसायको रूपमा ग्रामीण पर्यटन फस्टाउँदै गएको छ । स्थानीय ग्रामीण जनतासँग भएको स्रोतसाधन र सीप प्रयोग गरी आफ्नो परम्परागत संस्कृति, कलाकौशल, भेषभूषा, जीवनपद्धति र प्राकृतिक सौन्दर्यलाई प्रदर्शन गरेर आफूसँग भएको ग्रामीण सम्पत्तिलाई पूँजी वा लगानी बनाएर न्यानो र चोखो आतिथ्य सत्कारले यान्त्रिक जीवनपद्धतिदेखि वाक्क भएका स्वदेशी तथा विदेशी पर्यटकहरूलाई प्रफुल्लित तुल्याई सरल तरिकाले ग्रामीण क्षेत्रको विकास गर्न सकिने सजिलो कार्ययोजना नै ग्रामीण पर्यटन हो (उपाध्याय रेग्मी, २०६४) । स्थानीय तहहरूमा यस किसिमका विशेषताहरू रहेको हुँदा ग्रामीण पर्यटन प्रवर्द्धनका प्रशस्त संभावनाहरू देखिएका छन् ।

ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जीवीकोपार्जनको मुख्य स्रोत भनेको कृषि हो । ग्रामीण क्षेत्रमा रहेका प्राकृतिक, सांस्कृतिक र सामाजिक सम्पदा ग्रामीण पर्यटनका लागि विशेष महत्त्व राख्ने प्रमुख आधारहरू हुन् (पन्त, २०६८) । ग्रामीण क्षेत्रमा पर्यापर्यटनको समेत ठूलो सम्भावना रहेको छ । ग्रामीण क्षेत्रमा विद्यमान हिमाल, पहाड, झरना, तालतलैया, चराचुरूङ्गी, वन्यजन्तु, मौसम, जलवायु, वर्षा, भूबनोट, मानवस्वरूपजस्ता वस्तुहरू पर्यावरणअन्तर्गत पर्दछन् । यिनै पर्यावरणीय वस्तुहरूको अध्ययन अवलोकन गर्नका लागि सञ्चालित व्यवसायलाई पर्यावरणीय पर्यटन भनिन्छ । विश्वमा पर्यावरणीय पर्यटन शब्दको प्रारम्भ सन् १९८३ मा सर्वप्रथम कोस्टारिकाबाट भएको मानिन्छ । मेक्सिकोका पर्यटनविद् हेक्टर सेनालस लास्कुरेनले सन् १९८७ मा पर्यापर्यटनका सम्बन्धमा दिएको पहिलो परिभाषालाई विश्व पर्यटन सङ्गठनले अनुमोदनसमेत गरेको थियो । यो परिभाषाअनुसार कुनै केही कारणले नकारात्मक असर नपरेको, सफा वातावरणीय प्राकृतिक क्षेत्रमा स्वतन्त्र रूपले घुमफिर गरी आफ्नो उद्देश्य पूरा गर्ने कार्यलाई पर्यापर्यटन भनिन्छ (काफ्ले, सन् २०१६) । यसप्रकार स्थानीय तहमा रहेका पर्यावरणीय वस्तुहरूको अध्ययन अवलोकन गर्न आउने पर्यटकहरुको सेवा सुविधाका लागि सञ्चालित व्यवसायलाई नै पर्यावरणीय पर्यटन भनिन्छ । नेपालका स्थानीय तहहरूमा यस किसिमका सुन्दर ठाउँहरू रहेकाले पनि पर्यावरणीय पर्यटनमार्फत ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

ग्रामीण क्षेत्रमा विद्यमान संस्कृति, परम्परा एवम् जैविक विविधताको संरक्षण र सम्वर्द्धन गर्दै सञ्चालन गरिने पर्यटन नै ग्रामीण पर्यटन हो । ग्रामीण क्षेत्रमा रहेका प्राकृतिक, सांस्कृतिक र सामाजिक सम्पदा ग्रामीण पर्यटनका लागि विशेष महत्त्व राख्ने प्रमुख आधारहरू हुन् (पन्त, २०६८) । ग्रामीण पर्यटनका अभ्यासहरू विश्वभरी सफल एवम् दिगो रूपमा सञ्चालित छन् । विकसित देशहरूमा पनि ग्रामीण क्षेत्रमा बसोबास गर्ने न्यून आम्दानी भएका वर्गहरूका लागि आयआर्जनप्रति

लक्षित गरेर ग्रामीण पर्यटनका कार्यक्रमहरू सञ्चालित छन् । मलेसिया, थाइलैन्ड, भियतनाम, लावस र अफ्रिकी देशहरूमा पनि ग्रामीण समुदायमा आधारित पर्यटन विकासका अभ्यासहरू भएका छन् । भारतको सिक्किम र कालिमपोङमा समुदायमा आधारित रहेर भोटिया, लेप्चा र नेपाली समुदायमा ग्रामीण पर्यटनका विविध कार्यक्रमहरू सञ्चालित छन् (रेग्मी, २०६४) । दसौँ पञ्चवर्षीय योजना (२०५९-२०६४) ले ग्रामीण पर्यटनलाई विशेष जोड दिएको छ (पन्त, २०६८) । यी तथ्यबाट विभिन्न आवधिक योजनाहरूले पनि यस किसिमका सम्पदास्थलहरूका माध्यमबाट पर्यटन विकासमा जोड दिने नीति ल्याएको देखिन्छ ।

प्रस्तुत साहित्यमा ग्रामीण पर्यटनको अवधारणाका बारेमा चर्चा गरिएको भए तापनि नेपालका स्थानीय तहमा ग्रामीण पर्यटन विकासका संभावना र चुनौती लगायतका विषयमा चर्चा गरेको नपाइएकाले यस अध्ययनले उक्त अभावलाई पूरा गर्ने अपेक्षा गरिएको छ । यस लेखमा पस्तुत साहित्य अध्ययनलाई आधार बनाई स्थानीय तहहरूमा ग्रामीण पर्यटन विकासका सम्भावना र चुनौतीहरूलाई पहिल्याउन खोजिएको छ ।

## ग्रामीण पर्यटनको अवधारणा

विश्वव्यापी रूपमा पर्यटनको प्रारम्भ प्राचीन कालदेखि भएको मानिन्छ । पर्यटनको वास्तविक इतिहास मानव यात्राको थालनी सँगसँगै भएको मानिन्छ । ईसापूर्व ४००० तिर वा मुद्राको आविष्कार भएपछि मानव यात्राका क्रम अगाडि बढेको हो भन्ने तथ्य पुरी (२०५६) ले उल्लेख गरेका छन् । प्रारम्भमा दैनिक आवश्यकता पूर्तिका लागि मानिसहरु एक ठाउँबाट अर्को ठाउँमा घुमफिर गर्न थाले । मानव सभ्यताको विकास सँगसँगै मानवीय आवश्यकताहरु बढ्दै गएको र व्यापार, व्यवसायको विकास र विस्तारले नयाँनयाँ बजारको खोजी गर्ने तथा धार्मिक तीर्थस्थलहरुको भ्रमण गर्ने उद्देश्य राखेर एक ठाउँबाट अर्को ठाउँमा घुमफिर गर्न जाने क्रम बढे सँगसँगै पर्यटनमा विस्तार आएको पाइन्छ । खास गरी दोस्रो विश्वयुद्धपश्चात् अन्तर्राष्ट्रिय भ्रमणमा व्यापकता आएको पाइन्छ । सूचना तथा प्रविधिको विकास, भूमण्डलीकरण, राष्ट्रहरु बिचको पारस्पारिक सम्बन्ध आदिजस्ता कारण दृश्यावलोकन, कलाकौशल, भाषा, भेषभूषा, संस्कृति, मनोरञ्जन, खानपान लगायतका कुराहरूबाट आनन्द लिने उद्देश्यले एक देशबाट अर्को देशमा जाने र स्वदेशभित्र पनि एक क्षेत्रदेखि अर्को क्षेत्रमा जाने प्रचलन वर्तमान समयमा बढ्दै गएको पाइन्छ । कुनैकुनै देशमा खास महिना विशेषलाई पर्यटन र मनोरञ्जनका रुपमा मनाउने गरिएको पनि पाइन्छ । रोममा डिसेम्बर महिनालाई मनोरञ्जनको महिनाका रूपमा लिने गरिएको पाइन्छ भने सन् १८११ मा पर्यटन शब्दको प्रयोग भएको र सन् १९७२ मा पर्यटक भन्ने शब्द प्रयोगमा आएको पाइन्छ (केसी, २०७५) । तसर्थ आफ्नो वासस्थान छोडेर केही समयका लागि निश्चित उद्देश्य राखेर अन्य स्थलहरुमा आवतजावत गर्ने मानिसहरुलाई पर्यटक भनिन्छ र यससँग सम्बन्धित व्यवसायलाई पर्यटन व्यवसाय भन्ने गरिएको छ ।

नेपालमा पर्यटनको इतिहास धेरै पुरानो रहेको भए तापनि २००७ साल पूर्वसम्म छिमेकी मुलुक चीन तथा भारत र भारतमा शासन गर्ने अङ्ग्रेज पर्यटकहरूबाहेक अन्य मुलुकहरूका निम्ति पर्यटकीय गन्तव्य स्थलका रूपमा नेपालको चिनारी कम मात्रामा रहेको थियो (गौतम, २०२३ सन्) । प्राचीन कालदेखि नै चीन र भारतबाट धार्मिक तथा दृश्यावलोकनको उद्देश्य राखेर धार्मिक पर्यटकहरुको आवतजावत भएको पाइन्छ । नेपालका सातौँ किराती राजा जितेदास्तीका समयमा गौतम बुद्धद्वारा काठमाडौं उपत्यका भ्रमण गरेको तथ्य पाइन्छ (पोखेल र कार्की, २०५५) । सन् ६४३ मा चिनिया यात्री हुयान साङ र सन् ६५७ मा हु एनचे नेपाल आएको र उनीहरुले आफ्नो यात्रा वृतान्तमा नेपालको बारेमा चर्चा गरेको पाइन्छ (पुरी, २०५६) । खासगरी वि.सं. २००७ को परिवर्तनपश्चात् वैदेशिक सम्बन्धमा आएको विस्तार, खुलापन, दौत्य सम्बन्धमा विस्तार, भूमण्डलीकरण आदि कारण र अन्तर्राष्ट्रिय रङ्गमञ्चमा नेपालले आफ्नो सक्रियता बढाउन थालेपछि पर्यटन क्षेत्रमा विस्तार हुँदै गएको पाइन्छ ।

ग्रामीण पर्यटन भनेको ग्रामीण क्षेत्रमा सञ्चालन गरिने पर्यटन व्यवसाय हो (काफ्ले, २०२२ सन्) । नेपालको सन्दर्भमा स्थानीय तहमा विद्यमान विविध सांस्कृतिक परिवेश र पर्यावरणीय संरचनाले ठूलो भूमिका खेल्न सक्ने सम्भावना रहेको छ । स्थानीय तहमा रहेका यस किसिमका सम्पत्तिहरूको उपयोग गर्दै ग्रामीण क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा पर्यटनका माध्यमबाट समेत योगदान पुऱ्याउन सकिन्छ । ग्रामीण क्षेत्रमा रहेका धार्मिक स्थलहरु, कला, वास्तुकला, ऐतिहासिक अवशेषहरू, चाडपर्व, रीतिरिवाज, संस्कृति, भाषा, भेषभूषा, जीवनशैली, आतिथ्यपन, पेसा, व्यवसाय, पदमार्ग, पर्वतारोहण, होमस्टेजस्ता कुरालाई पूँजीका रूपमा स्थापित गरी विदेशी तथा स्वदेशी पर्यटकलाई गाउँमा नै रमाउने र गाउँबासीलाई कमाउने अवसर प्रदान गर्ने एउटा व्यवसाय नै ग्रामीण पर्यटन हो । ग्रामीण क्षेत्रमा रहेका मानव समुदाय, तिनीहरूका मौलिक क्रियाकलापहरू, कला सङ्गीत, साहित्य, धरोहर, वासस्थान र त्यसको निर्माणविधि, दैनिक जीवनयापनका प्रक्रियाहरू पनि स्थानीय तहमा ग्रामीण पर्यटनको बलियो आधार बन्न सक्ने देखिन्छ ।

नेपालको संविधान २०७२ ले सातओटा प्रदेशमा महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका गरी ७५३ ओटा स्थानीय तहको व्यवस्था गरेको छ (नेस, २०७५) । नेपाल विविध प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाका दृष्टिले विश्वमै प्रख्यात राष्ट्रका रूपमा परिचित छ । नेपालको भौगोलिक, सामाजिक तथा सांस्कृतिक विविधता हरेक स्थानीय तहहरुमा ग्रामीण प्रर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण सम्पत्तिका रुपमा रहेका छन् । नेपालमा रहेका यिनै सम्पदास्थलहरूको दृश्यावलोकन तथा अध्ययन अनुसन्धानका लागि बर्षेनी लाखौं विदेशीहरू पर्यटकका रूपमा नेपाल भ्रमणका लागि आउने गर्दछन् । पछिल्लो दशक (सन् २०१४-२०२३) सम्ममा ६६ लाख बराबर पर्यटकले नेपाल भ्रमण गरेका र २०८० मा मात्र १० लाख १४ हजार ८ सय ८२ जना पर्यटकले नेपाल भ्रमण गरेको देखिन्छ भने आ.व. ०७७/०७८, ०७८/०७९ र ०७९/०८० मा क्रमशः ७२६.६३, ३२४४.७२ र ६१५२.२७ करोड बराबर भ्रमण आय प्राप्त भएको देखिन्छ (अम, २०८१) । यसले आन्तरिक पर्यटनलाई पनि बिस्तारै वृद्धि गर्दै लैजान सकिने अवसर सिर्जना गराएको छ भने विदेशी मुद्राआर्जनको बलियो र भरपर्दो स्रोतका रूपमा पर्यटन व्यवसाय स्थापित हुँदै गएको तथ्य प्रष्ट हुन्छ ।

ग्रामीण पर्यटनले ग्रामीण क्षेत्रमा रहेको मौलिकतालाई पूँजी बनाएर त्यसैका माध्यमबाट ग्रामीण क्षेत्रमा आर्थिक विकासको गति अघि बढाउने प्रक्रियालाई बढावा दिएको हुन्छ । गाउँमा रहेका प्राकृतिक सम्पदा, ढुङ्गेधारा, कोटघरहरु, मेला पर्व, वनस्पति, जीवजन्तु, जैविक विविधता, जात्रा, संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज, मठमन्दिर, देवालय, गुम्बा, मस्जिद, चौतारी, पोखरी, गाउँले जीवनशैलीजस्ता वस्तुहरू नै ग्रामीण पर्यटनका मौलिक आधारहरू हुन् । ट्रेकिङ, घरावास, खानपिन, बार, मनोरञ्जन आदिका माध्यमबाट पर्यटकहरूलाई सेवासुविधा प्रदान गर्ने कार्यले ग्रामीण क्षेत्रमा प्रशस्त रोजगारका अवसरहरू सिर्जना गर्न सकिन्छ । ग्रामीण क्षेत्रको विद्यमान परम्परागत र जीवननिर्वाहमुखी कृषि प्रणालीबाट मात्र आर्थिक समृद्धिको लक्ष्यमा पुग्न कठिन हुने हुँदा पनि स्थानीयबासीहरूको दिगो आयस्रोतको वैकल्पिक क्षेत्रका रूपमा ग्रामीण पर्यटन स्थापित हुन सक्ने देखिन्छ ।

## ग्रामीण पर्यटनबाट लिन सकिने लाभहरू

स्थानीय तहहरूमा विद्यमान मौलिक सम्पत्तिको जगेर्ना गर्न सक्ने हो भने ग्रामीण पर्यटनबाट धेरै लाभहरू लिन सकिन्छ । ग्रामीण क्षेत्रमा विद्यमान गरिबी, बेरोजगारी, आय असमानता आदिजस्ता समस्यालाई कम गर्न तथा ग्रामीण क्षेत्रको समृद्धिका लागि ग्रामीण पर्यटनले ठूलो भूमिका खेल्न सक्छ । नेपालमा वार्षिक तीन लाख बराबर जनशक्ति बैदेशिक रोजगारीका लागि विदेसिने गरेको तथ्याङ्क रहेको छ (अम, २०८०) । यस परिप्रेक्ष्यमा ग्रामीण पर्यटनबाट ग्रामीण क्षेत्रको विकासमा ठूलो योगदान पुऱ्याउन सकिनुका साथै ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा हुने गरेको बसाइँ सराइलाई रोक्न र वैदेशिक रोजगारतर्फको बढ्दो क्रमलाई नियन्त्रण गर्नसमेत योगदान पुग्न सक्ने देखिन्छ ।

ग्रामीण पर्यटनको विकास र विस्तारबाट मुख्यतः निम्न लाभहरू लिन सकिन्छ :

- अर्थतन्त्रमा विदेशी मुद्रा आर्जनको मात्रा बढाउन सकिने;
- रोजगारीका अवसरमा वृद्धि गरी ग्रामीणवासी मानिसहरूको आयआर्जनमा वृद्धि तथा जीविकोपार्जनमा सुधार गर्न सकिने;
- स्थानीय जनशक्तिको उपयोग गरी समुदायको विकासमा मद्दत पुग्ने;
- ग्रामीण क्षेत्रमा रहेका होमस्टेमा पर्यटकहरुको बसोबास मिलाउन सकिने हुँदा ठूलाठूला होटेल, रेस्टुरेन्ट र लजहरुको निर्माण गर्दा लाग्ने खर्चलाई कम गर्न सकिने;
- ग्रामीण अर्थतन्त्रको संरचनामा विविधीकरण गर्ने र यसलाई चलायमान गराउन सकिने;
- ग्रामीण पर्यटनको विकास र प्रवर्द्धनले आन्तरिक तथा बाह्य बसाइँ-सराइलाई कम गर्नमा सहयोग पुग्ने;
- ग्रामीण क्षेत्रमा पनि व्यावसायिक सीप र क्रियाकलापमा विस्तार हुने;
- स्थानीय उत्पादनको बिक्री वितरण र प्रवर्द्धनमा जोड पुग्ने;
- स्थानीय कला, संस्कृति, भाषा, भेषभूषाजस्ता सांस्कृतिक पक्षको प्रचारप्रसारको अवसर प्राप्त हुने;
- स्थानीय तहमा युवाहरुलाई होस्टिङ, आतिथ्यता तथा खानपिनसम्बन्धी ज्ञान, अनुभव र सीप प्राप्त गर्न मद्दत पुग्ने;
- समुदायमा आधारित विभिन्न आधारशीलाहरूको निर्माणमा सहयोग पुग्ने ।

## स्थानीय तहमा ग्रामीण पर्यटन विकासका संभावना

ग्रामीण पर्यटनका लागि आकर्षणका प्रमुख क्षेत्रहरू भनेका नै त्यहाँ उपलब्ध सामाजिक, सांस्कृतिक, ऐतिहासिक तथा भौगोलिक पक्ष नै हुन् । स्थानीय तहमा रहेका ऐतिहासिक, धार्मिक, पौराणिक तथा प्राकृतिक महत्त्वका पर्यटकीय बस्तु

एवम् सम्पदास्थलहरूको उपयोगबाट नै ग्रामीण पर्यटनलाई दिगो बनाउन सकिन्छ । खास गरेर विभिन्न जातजातिहरूले अङ्गाल्दै आएका विभिन्न किसिमका सांस्कृतिक चालचलन, रहनसहन, चाडपर्व तथा रैथाने प्रविधि नै ग्रामीण पर्यटन विकासका संभावनाहरू हुन् ।

स्थानीय तहमा रहेका धार्मिक सम्पदास्थलहरू, विभिन्न जातजतिका संस्कृति र सांस्कृतिक परम्परा, पर्यटकीय स्थलहरू, प्राकृतिक सौन्दर्यता एवम् प्राकृतिक स्रोत तथा साधनको प्राचुर्यताका कारण लघु उद्यम विकास, कृषि विकास, व्यावसायिक तरकारी खेती र पर्या-पर्यटनको प्रबल सम्भावना स्थानीय तहहरूमा रहेको छ । यसकारण पनि सामाजिक, आर्थिक तथा पर्यटन विकासका प्रशस्त सम्भावनाहरू स्थानीय तहमा रहेका छन् । स्थानीय तहमा रहेका प्राकृतिक तथा आर्थिक स्रोतहरूको पहिचान गरी तिनीहरूको व्यापक उपयोग गर्दै केन्द्रीय र प्रादेशिक सरकारबाट प्राप्त हुने अनुदान रकमको समेत उपयोगसहित आर्थिक विकासको गतिलाई अघि बढाउँदै समृद्धि र उन्नतिको शिखरमा पुग्न सक्ने बलियो सम्भावना र अवसर स्थानीय तहलाई रहेको छ। स्थानीय तहमा रहेका आर्थिक तथा प्राकृतिक स्रोतहरूको उपयुक्त र योजनाबद्ध तरिकाबाट उपयोग तथा परिचालन गर्न सक्ने हो भने समृद्धिको ढोका खोल्न सकिने सम्भावना रहेको छ । यसबाट स्थानीयबासीको आर्थिकस्तर तथा जीवनस्तरमा समेत परिवर्तन ल्याउन सकिने अवसर रहेको छ ।

स्थानीय तहमा सांस्कृतिक पर्यटनको पनि त्यति नै ठूलो सम्भावना रहेको छ। विभिन्न जातजाति, धर्म सम्प्रदाय र तिनीहरूका सांस्कृतिक चालचलन, ऐतिहासिक सम्पदास्थल, पुरातात्विक महत्त्वका वस्तुहरू, आर्थिक प्रणाली, जीवनशैली जस्ता पक्षको अवलोकनकमा लागि गरिने पर्यटन सांस्कृतिक पर्यटन हो। ग्रामीण क्षेत्रमा रहेका मानव समुदाय, तिनीहरूका मौलिक क्रियाकलापहरू, कलासंस्कृति, सङ्गीत, साहित्य, धरोहर, वासस्थान र त्यसको निर्माणविधि, दैनिक जीवनयापनका प्रक्रियाहरूजस्ता ग्रामीण क्षेत्रका मौलिक बस्तुहरूको अध्ययन अवलोकनका लागि गरिने पर्यटन व्यवसाय सांस्कृतिक पर्यटनका रूपमा स्थापित भएको पाइन्छ ।

विभिन्न जातजाति, धर्म सम्प्रदाय र तिनीहरूका सांस्कृतिक चालचलन, ऐतिहासिक सम्पदास्थल, पुरातात्विक महत्त्वका वस्तुहरू, आर्थिक प्रणाली, जीवनशैलीजस्ता पक्षले सांस्कृतिक पर्यटनका लागि सहयोग पुऱ्याउँदछन् । स्थानीय तहहरूमा पर्यापर्यटन, सांस्कृतिक पर्यटन तथा ग्रामीण पर्यटन विकासको बहुआयामिक सम्भावना रहेको देखिएको छ । नेपालको वर्तमान संविधानले पनि स्थानीय तहहरूलाई आफ्नो क्षेत्रभित्र रहेका सम्पदास्थलहरूको विकास र विस्तार गरी आन्तरिक राजश्वमा वृद्धि गर्दै स्थानीयवासीको जीवनस्तरमा देखिने खालका परिवर्तन ल्याउन निर्देश गरेको छ (नेस, २०७५) । संविधानमा नै यस किसिमको व्यवस्था भएकाले स्थानीय तहमा रहेका सम्पदास्थलहरूको अध्ययन र अवलोकनबाट यहाँ पर्यापर्यटन, सांस्कृतिक पर्यटन तथा ग्रामीण पर्यटन विकासको बहु आयामिक सम्भावना रहेको देखिन्छ ।

सहरी क्षेत्रको कोलाहलयुक्त वातावरण, प्रदूषण, यान्त्रिक जीवनशैली तथा कामको बोझबाट अत्तालिएका मानिसहरू एकान्त, शान्त, स्वच्छ तथा स्वस्थ प्राकृतिक वातावरणमा रमाउने, छोटो समयको बिदाको उपयोग गर्नेजस्ता उद्देश्य राखेर स्वदेशी तथा विदेशी पर्यटकहरू ग्रामीण क्षेत्रमा रहेका धार्मिक एवम् पर्यटकीय महत्त्व बोकेका स्थलहरूको भ्रमणमा आउने गर्दछन् । स्थानीय तहमा यस किसिमका सम्पदास्थलहरू रहेकाले पनि ग्रामीण पर्यटनको प्रबल सम्भावना रहेको छ। स्थानीय तहमा रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदास्थलहरूको उपयोग नै यहाँको ग्रामीण पर्यटनका बलिया आधारका रूपमा रहेकोले यसतर्फ ध्यान दिन सक्ने हो भने यहाँ ग्रामीण पर्यटनको बलियो सम्भावना रहेको छ ।

## ग्रामीण पर्यटनका चुनौतीहरू

स्थानीय तहमा रहेका विभिन्न सम्पदास्थलहरूको उपयोगबाट ग्रामीण पर्यटन विकासको संभावना हुँदाहुँदै पनि यो भन्नलाई जति सजिलो छ व्यवहारमा सार्थक बनाउने कार्य चुनौतीपूर्ण रहेको छ। पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण देखिएका सम्पदास्थलहरूमा आवश्यक पर्यटकीय पूर्वाधारहरू र अन्य सुविधाहरूको व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ। स्थानीय तहमा रहेका विभिन्न सम्पदास्थलहरूको सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासको ठूलो सम्भावना हुँदाहुँदै पनि यी क्षेत्रको विकास र संरक्षणमा अनेक खालका चुनौतीहरू पनि रहेका छन् ।

पर्यटन विकासका लागि आवश्यक तथा पर्याप्त पूर्वाधारहरू नहुनु, स्थानीय तहहरूमा धार्मिक, सांस्कृतिक सम्पदास्थलहरूको संरक्षण गर्नुपर्दछ भन्ने चासो र भावना बढ्न नसक्नु, धार्मिक तथा ऐतिहासिक धरोहरहरू खण्डहर जस्तै बन्दै जानु, बढ्दो बसाइँ-सराइ, युवाशक्तिको वैदेशिक रोजगारीमा बढ्दो आकर्षण, स्थानीयबासीमा व्यावसयिकताको कमी, पर्यटन विकास र व्यावसायिक शिक्षाको कमी हुनुजस्ता अवस्थाहरू स्थानीय तहमा ग्रामीण पर्यटनका प्रमुख चुनौतीका रूपमा

रहेका देखिन्छन् । यसका साथै पर्यटकीय पूर्वाधारहरूको विकास र विस्तारका लागि राज्यस्तरबाट उचित ध्यान पुग्न नसक्नु, पुरातात्विक महत्त्वका पूर्वाधारहरू नवनिर्माण गर्नका लागि धेरै लगानी गर्नुपर्ने, यातायात तथा अन्य आवश्यक पूर्वाधारहरूको निर्माण हुन नसक्नु, युवा पुस्ताहरूलाई यी सम्पदास्थलहरूको बारेमा कम चासो रहनुजस्ता समस्याहरू सम्पदास्थलको विकास र संरक्षणमा देखिएका छन् । यस किसिमका पर्यटकीय क्षेत्रको विकास र पहिचानको प्रमुख चासोको विषय नै सामाजिक तथा भौतिक विकासका पूर्वाधारको माध्यमबाट स्थानीयवासीको जीवनस्तरमा प्रभाव पार्ने गरी दीर्घकालीन र दिगो विकास सहितको परिवर्तन कसरी ल्याउन सकिन्छ भन्ने पनि हो ।

नेपालको वर्तमान संविधान-२०७२ ले स्थानीय तहका सरकारहरूलाई आफ्नो क्षेत्रमा रहेका पर्यटकीय महत्त्व बोकेका सम्पदास्थलहरूको बारेमा अध्ययन-अनुसन्धान गरी तिनलाई स्थानीयवासीको जीवनवृत्तिसँग जोड्ने गरी उपयोग गर्न पाउने व्यवस्था प्रदान गरेको भए तापनि स्थानीय तहहरूले पर्यटकीय महत्त्व बोकेका सम्पदास्थलहरूको अध्ययन-अनुसन्धान तथा खोजी गरी सँगालोको रूपमा सङ्कलन गर्ने कार्य अद्यापि गर्न सकेको देखिदैन ।

ग्रामीण पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण कार्यका लागि साधन तथा स्रोत जुटाउने कार्य चुनौतीपूर्ण देखिन्छ । स्थानीय तहमा पर्यटन प्रवर्द्धनका लागि गुरूयोजनामार्फत् विविध कार्यक्रमहरू अगाडि बढाइएको भए तापनि त्यसमा उल्लेख भएअनुसारका कार्यक्रमहरूलाई पूर्णरूपमा कार्यान्वयनमा ल्याउन सकिएको छैन । ग्रामीण पर्यटन प्रवर्द्धनका लागि स्थानीय सरकारहरूले नै उच्चतम् प्रयास गर्नुपर्ने हुन्छ । तर स्थानीय तहहरूको वार्षिक पूँजीगत खर्चको स्वरूपलाई नियाल्दा अधिकांशतः नयाँ सडक निर्माण, पुराना सडकको मर्मतसंभार तथा स्तरोन्नति, भवन निर्माणजस्ता क्षेत्रमा बढी मात्रामा बजेट खर्च हुने गरेको पाइन्छ । आफ्नो क्षेत्रभित्र रहेका पर्यटकीय महत्त्वका वस्तु तथा सम्पदास्थलहरूको खोज, अनुसन्धान गरी विस्तृत कार्ययोजनाका साथ अघि बढ्ने कार्यमा स्थानीय तहको ध्यान आवश्यक मात्रामा पुग्न नसक्नु पनि चुनौतीका रूपमा रहेको छ । आफ्नो क्षेत्रभित्र रहेका सम्पदास्थलहरूको प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक भित्राउने कार्यमा आवश्यक कार्ययोजना निर्माण तथा कर्यान्वयन गर्ने कार्यमा देखिएको उदासिनतालाई कम गर्ने कार्य झनै चुनौतीपूर्ण रहेको छ ।

## ग्रामीण पर्यटनलाई दिगो बनाउन चालिनुपर्ने कदमहरू

ग्रामीण पर्यटन प्रवर्द्धन गरी स्थानीयवासीको जीवनस्तरमा सुधार ल्याउनका लागि स्थानीय तहहरुले देहायअनुसारका कार्य सम्पादन गर्नुपर्ने देखिन्छ :

- ग्रामीण क्षेत्रमा विद्यमान सडकसञ्जाल र पदमार्गहरूलाई स्तरोन्नति गरी व्यवस्थित गर्ने;
- ग्रामीण क्षेत्रमा रहेका ऐतिहासिक, पौराणिक महत्त्व बोकेका सम्भाव्य धार्मिक तथा प्राकृतिक सम्पदास्थलहरूको खोज अनुसन्धान गरी तिनीहरूको व्यापक प्रचार-प्रसार गर्ने;
- ग्रामीण पर्यटनका लागि महत्त्वपूर्ण मानिने आधारस्थलहरूमा खानपान र बसोबासका लागि राम्रो व्यवस्था मिलाउने;
- ग्रामीण पर्यटनसम्बन्धी विभिन्न आयामहरू समावेश गरी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने;
- ग्रामीण पर्यटनको विकास र विस्तारका लागि स्थानीय तहहरूमा क्रियाशील सरकारी निकाय, गैरसरकारी संघसंस्था एवम् नागरिक समाजको समेत सक्रियता बढाउने;
- ग्रामीण पर्यटनको विकासका लागि आवश्यक पर्ने पूर्वाधारहरूको निर्माणका लागि स्थानीय तहहरूले ठोस कार्यक्रमहरूका साथ योजनाबद्ध तरिकाले अघि बढ्ने;
- ग्रामीण क्षेत्रमा जाने पर्यटकलाई स्थानीय उत्पादनको उपभोग गर्न पाउने अवस्थाका लागि दुग्ध व्यवसाय, फलफूल खेती, माछापालन, अर्गानिक तरकारी तथा खाद्यान्न खेती, कुटिर उद्योगको जगेर्ना आदिजस्ता क्षेत्रको विकास र विस्तारमा जोड दिने;
- पर्यटकीय महत्त्व बोकेका सम्पदास्थलहरूको अवलोकनमा जाने पर्यटकहरूलाई घरावासको राम्रो प्रबन्ध मिलाई सुरक्षित र रमाइलो वातावरणमा बसोबासको व्यवस्था मिलाउने;
- ग्रामीण पर्यटनलाई दीगो बनाइराख्न गाउँका वास्तुकला, खेतीपद्दति, संस्कार, संस्कृति, कला, साहित्य तथा पौरस्त्य सभ्यताको पहिचान दिने सम्पूर्ण सम्पदाको संरक्षणमा ध्यान दिने;
- ग्रामीणबासी जनसमुदायलाई ग्रामीण पर्यटनको अर्थशास्त्रका बारेमा व्यावहारिक ज्ञान प्रदान गरी गाउँ पर्यटनमा केन्द्रित गर्ने;
- नमुना गाउँ हुन योग्य गाउँलाई त्यस क्षेत्रको विशेषताका आधारमा प्रवर्द्धन गर्दै जाने;

- साहसिक खेल, मनोरञ्जन, प्राकृतिक दृश्यावलोकन, स्थानीय जातिको रहनसहन, संस्कार, संस्कृति, खानपान आदिलाई अध्ययनका विषयवस्तु बनाउने;
- पश्चिमाहरू मात्र पर्यटक हुन् भन्ने भावनालाई त्यागी हिन्दु र बौद्ध तीर्थयात्रीलाई आकर्षित गर्ने खालका कार्यक्रमहरू कार्यान्वयनमा जोड दिने;
- ग्रामीण क्षेत्रमा पर्यटकहरू घुम्न आउँदा स्थानीय मैत्रीघरहरू एवम् होमस्टेमा बसोबासको व्यवस्था मिलाउने र त्यहाँ उनीहरूका जातीय खाना, जातीय नाचगान, ढिकी तथा जाँतोमा कुटेपिनेका अन्नका परिकार, माटाका भाँडा, सिलाइ-कटाइ, राडीपाखी, नाम्लादाम्ला, काम्ला, राडी, घुम, लोक्ता, हातेकागज, सिन्की-गुन्द्रुक, ढकायो, अचार, फलफूल, भीर माहुरीको मह आदिजस्ता वस्तु तथा सेवाहरूबाट सत्कार गर्ने;
- यान्त्रिक प्रविधिबाट वाक्कदिक्क भएका मानिसहरूलाई ग्रामीण सम्पदा एवम् वस्तुहरू अनौठा लाग्ने भएकाले ग्रामीण पर्यटनको विकास र विस्तारका लागि ग्रामीण प्रविधिमा जोड दिने;
- ग्रामीण क्षेत्रमा रहेका ताल, कुवा, इनार, गुफा, ओढार, ठाँटी, धर्मशाला, पाटी, पौवा, पोखरी, चौतारी, ढुङ्गेधारा, झोलुङ्गेपुल आदिको संरक्षणमा जोड दिने ।

## निष्कर्ष

ग्रामीण पर्यटन विशेष गरेर ग्रामीण क्षेत्रका सम्पदास्थलहरू र सांस्कृतिक सम्पत्तिसँग केन्द्रित रहेको छ । स्थानीय तहमा ग्रामीण पर्यटनको बलियो सम्भावना रहेको छ । यहाँका प्राकृतिक, भौगोलिक, सांस्कृतिक, ऐतिहासिक सम्पत्तिहरूले ग्रामीण पर्यटनको उच्च सम्भावनालाई इङ्गित गरिरहेका छन् । स्थानीय तहले आर्थिक विकास र समृद्धिको गतिलाई अघि बढाउने हो भने ग्रामीण पर्यटनसँग सम्बन्धित क्षेत्रको विकास र संरक्षणमा उचित ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्नका लागि समुदायमा आधारित मैत्रीघर बनाउने कार्यलाई स्थानीय तहहरूले प्राथमिकतामा राख्नुपर्दछ । यी मैत्रीघरहरूद्वारा धार्मिक तथा सांस्कृतिक चालचलन, खानपान, ढोगभेट, लवाइखवाइ आदिको एकीकरण गरेर प्रदर्शन गराउनुपर्दछ । यसबाट मनोरञ्जन प्राप्त हुने, प्रविधिको आदानप्रदान हुने, विश्वमा भातृत्व र मैत्रीभाव विकसित हुने साथै सांस्कृतिक ज्ञान पनि प्राप्त हुने हुन्छ ।

नेपाल विविध प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाका दृष्टिले विश्वमै प्रख्यात राष्ट्रका रूपमा परिचित छ । नेपालमा रहेका यिनै सम्पदास्थलहरूको दृश्यावलोकन तथा अध्ययन अनुसन्धानका लागि बर्सेनी लाखौं विदेशीहरू पर्यटकका रूपमा नेपाल भ्रमणका लागि आउने गर्दछन् । यसबाट आन्तरिक पर्यटनमा पनि बिस्तारै वृद्धि हुँदै गएको छ । पर्यटन व्यवसायको विकास र विस्तार तथा प्रवर्द्धनका लागि पर्यटकीय महत्त्व बोकेका धार्मिक, पौराणिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदास्थलको अध्ययन, अनुसन्धान गरी तीनको प्रचारप्रसार गरिनु आवश्यक देखिन्छ । यसबाट ग्रामीण पर्यटन, सांस्कृतिक पर्यटन तथा पर्यापर्यटनको विस्तार गर्नसमेत सहयोग पुग्दछ ।

ग्रामीण क्षेत्रमा रहेका ऐतिहासिक सम्पदास्थलहरू, विभिन्न जात-जातिका कला, संस्कृति, परम्परा तथा संस्कारहरू, भाषा, भेषभूषा, घरावास सुविधा आदि जस्ता पर्यटकीय वस्तु नै ग्रामीण पर्यटनलाई सहयोग पुऱ्याउने पर्यटकीय क्षेत्र तथा वस्तुका रूपमा रहेको देखिन्छ । यिनै पर्यटकीय क्षेत्र तथा वस्तुको उपयोग गर्न सक्ने हो भने यहाँ ग्रामीण पर्यटनको ठूलो सम्भावना रहेको छ । यस किसिमका प्राकृतिक तथा धार्मिक स्थलहरूको सांस्कृतिक, पर्यटकीय तथा आर्थिक विकासको सम्भावनालाई केलाउँदा यसको विकासले यस क्षेत्रका विपन्न, दलित, सिमान्तकृत जातजाति, महिला, पिछडिएका वर्ग र समुदायको आर्थिक स्तरमा परिवर्तन ल्याउन सकिने कुरालाई पनि ध्यान दिनुपर्ने हुन्छ । यसका लागि स्थानीय तहमा रहेका पर्यटकीय क्षेत्रहरूको अध्ययन-अनुसन्धान गरी आर्थिक समृद्धिको उद्देश्य राखेर यी क्षेत्रको व्यापक अध्ययन-अनुसन्धानका साथ प्रचारप्रसार गरिनु आवश्यक छ । पर्यटन व्यवसायको विकास र विस्तार तथा प्रवर्द्धनका लागि पर्यटकीय महत्त्व बोकेका धार्मिक, पौराणिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदास्थलको अध्ययन तथा अनुसन्धान गरिनु आवश्यक देखिन्छ । ग्रामीण पर्यटनका लागि महत्त्वपूर्ण मानिएका क्षेत्रहरूको विकासका लागि निकै चुनौतीहरु रहेका छन् । यी चुनौतीहरुलाई पन्छाउँदै स्थानीय तहले एक आपसमा समन्वय र सहकार्य गरी पर्यटन प्रवर्द्धनका लागि सामूहिक नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्न सकेमा ग्रामीण पर्यटनको सुनौलो भविष्य रहेको देखिन्छ ।

**सन्दर्भ ग्रन्थसूची**

अम (२०८१), *आर्थिक सर्भेक्षण २०८१,* अर्थ मन्त्रालय (अम), नेपाल सरकार ।

उपाध्याय रेग्मी, रूद्रप्रसाद र तिवारी, देवेन्द्रप्रसाद (२०६४), पर्वत जिल्लामा पर्यटनका समस्या र सम्भावनाहरू, *पर्वत विकास पुञ्ज,* पर्वत विकास समाज ।

काफ्ले, डोलराज (२०१६ सन्), नेपालमा पर्यावरणीय र सांस्कृतिक पर्यटन, *हिसान,* हिस्ट्री एसोसियसन अफ नेपाल ।

केसी, नुरजङ्ग (२०७५), लुम्बिनी क्षेत्रमा पर्यटकीय सम्भावना र चुनौतीहरू, *मिर्मिरे,* पूर्णाङ्क ३४८ (१), नेपाल राष्ट्र बैङ्क केन्द्रीय कार्यालय ।

केतका (२०७९), *जनगणना प्रतिवेदन,* नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, केन्द्रीय तथ्याङ्क कार्यालय (केतका) ।

गौतम, मुरारीकृष्ण (२०२३ सन्), नेपालको समृद्धिमा सांस्कृतिक र पर्यावरणीय पर्यटन, *हिसान,* हिस्ट्री एशोसियसन अफ नेपाल ।

नेस (२०७५), *नेपालको संविधान,* नेपाल सरकार (नेस), कानून किताब व्यवस्था समिति ।

पन्त, शास्त्रदत्त (२०६८), *हिमाली राष्ट्रिय निकुञ्ज र पर्यटन विकास,* ग्रामीण विकास प्रतिष्ठान (सिरूड) ।

पुरी, उद्धव (२०५६), *पर्यटन र विकास,* तलेजु प्रकाशन ।

पोखेल, खेमराज र कार्की, गोविन्दमान सिंह (२०५५), *पर्यटन र विकास,* अनुराग प्रकाशन ।

Kafle, D.R. (2022 AD). Rural tourism in Nepal. *HISAN.* Vol. 8 (1). History association of Nepal.

MoF (2080). *Economic Survey FY 2079/2080*. Government of Nepal, Ministry of Finance (MoF).

NSO (2069). *National Census 2068*. Government of Nepal, Office of the prime minister and council of ministers, National Statistics Office (NSO).

Pant, S. D. (2068). *Himalayan national parks and tourism development*. Institute of rural development (SIRUD).

Satyal, Y.R. (2000 AD). *Tourism in Nepal*. Adroit publishers.

Upadhyaya, R. P. (2064). ed. Ramhari Timilsina. Rural Tourism in Nepal: A critical analysis. *Devavani*. Devghat vedic adhyatmic parisad.

**Ethical Approval for Research:** Not applicable.

**Conflict of Interest:** No conflict of interest.

**Ethical Conduct of Research:**

I declare that this work has been ethically conducted.

**Author's bio note**: **Hiralal Regmi** is lecturer in Economics and working in Department of Economics of Dhawalagiri Multiple Campus, Baglung, Tribhuvan Univeristy, Nepal.